आज मिति २०७७ साल चैत्र २९ गते दिनको ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री गुणेन्द्र घर्तीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०७७/०७८ को आठौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गुणेन्द्र घर्ती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री बाग्मती क्षेत्रीनी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री केशवलाल कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री गञ्ज बहादुर क्षेत्री | वडा अध्यक्ष वडा नं. ४ | |
| ६ | श्री नमराज थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ७ | श्री अर्जुन सुवेदी | वडा अध्यक्ष वडा नं. ६ | |
| ८ | श्री मानसिं पुन | वडा अध्यक्ष वडा नं. ७ | |
| ९ | श्री पुर्ण बहादुर पुन | वडा अध्यक्ष वडा नं. ८ | |
| १० | श्री सुना परियार | कार्यपालिका सदस्य वडा नं. ५ | |
| ११ | श्री आशा सुनार | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १२ | श्री सुनिता रोकामगर | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १३ | श्री मन्सरी वि.क. | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १४ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १५ | श्री चन्द्र मरमथानी | कार्यपालिका सदस्य वडा नं. २ | |
| १६ | श्री केशवराज पार्धे | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित** | | | |
| १ | श्री गिर बहादुर विष्ट | का.वा. वडा अध्यक्ष वडा नं. ३ | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | नुमाकान्त कालाथोकी | प्रशासन शाखा प्रमुख | |
| २ | मधुसुदन गैरे | लेखा अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

## आठौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) योजना तथा बजेट संशोधन सम्बन्धमा ।
२) कार्यविधि स्वीकृती सम्बन्धमा ।
३) गाउँसभा सञ्चालन सम्बन्धमा ।
४) विविध छलफल सम्बन्धमा ।

### २०७७ चैत्र २९ गते बसेको आठौं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | योजना तथा बजेट संशोधन सम्बन्धमा | चालु आ.व.मा स्वीकृत बार्षिक योजना तथा बजेट संशोधन गर्न आवश्यक देखिएको । | चालु आ.व.मा गाउँपालिका, शाखा तथा वडा तर्फबाट स्वीकृत बार्षिक योजना तथा बजेटहरु खर्च हुन नसक्ने देखिएकाले अनूसुचि १ बमोजिमका योजना तथा बजेट संशोधनका लागि आगामि गाउँसभामा पेश गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | कार्यविधि स्वीकृती सम्बन्धमा | गाउँपालिकालाई आवश्यक पर्ने कार्यविधि/निर्देशिकाहरु तयार भई पेश हुन आएका विभिन्न कार्यविधि/निर्देशिकाहरु पारित गर्नुपर्ने । | गाउँपालिकालाई आवश्यक पर्ने स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७७, विपन्न उपचार सहायता कोष सञ्चालन कार्यविधि, २०७७, मेशिनरी औजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७, अटो तथा ई-रिक्सा व्यवस्थापन निर्देशिका २०७७, विद्युत महशुल राहत सम्बन्धी कार्यविधि २०७७, विद्युत महसुल राहत सम्वन्धी कार्यविधी २०७७, र फुसको छानो विस्थापन कार्यविधि २०७७, लाई पारित गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | गाउँसभा सञ्चालन सम्बन्धमा । | चालु आ.व.को हिउदे अधिवेशन तथा नवौं गाउँ सभा बस्न आवश्यक देखिएको । | गाउँपालिकालाई आवश्यक पर्ने ऐन, नियम, कार्यविधि तथा योजना तथा बजेट संशोधन गर्नुपर्ने भएको हुदाँ चालु आ.व.को हिउदे अधिवेशन तथा नवौं गाउँसभा मिति २०७७/१२/३० गते गाउँपालिका सभाहलमा बस्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br><br>**क)** सुनिलस्मृति गाउँपालिका भवन निर्माण तथा सडक मापदण्ड २०७७ स्वीकृत सम्बन्धमा ।<br><br>**ख)** कृषि कार्यक्रम संशोधन सम्बन्धमा ।<br><br>**ग)** मालश्री ग्रुप मिडिया प्रा.ली.लाई रकम फिर्ता सम्बन्धमा । | **क)** यस गाउँपालिकाको "सुनिलस्मृति गाउँपालिका भवन निर्माण तथा सडक मापदण्ड २०७७" स्वीकृतिका लागि आगामि गाउँसभामा पेश गर्ने ।<br><br>**ख)** प्रदेश सरकारबाट विनियोजित एक स्थानीय तह एक उत्पादन कार्यक्रम अन्तर्गत मसला वालि कार्यक्रम संशोधन गरि वडा नं. १ थुम्पाकी, उर्लीखोला, भलबाङ सिमखोला तथा वडा नं. २ हरिगाउँ, महेन्द्रि गोगपानी, हिले, खलसिङमा मौरीपालनको लागि कार्यक्रम सञ्चालन गर्ने ।<br><br>**ग)** मालश्री ग्रुप मिडिया प्रा.ली.ले सुलिचौरमा रेडियो सञ्चालनका लागि इजाजत पत्र र लाइसेन्स माग गरि गाउँपालिकाको खातामा रु २० हजार रकम जम्मा भएकोमा उक्त इजाजत पत्र र लाइसेन्स प्राप्त हुन नसकेको हुँदा मालश्री ग्रुप मिडियालाई विविध खर्च शिर्षकबाट रकम फिर्ता गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।<br><br>"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।<br><br>"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रस्ताव नं १ को सि.नं. ६ को स्वीकृत योजना दलित लक्षित जनजातीलाई सचेतनामूलक कार्यक्रम वडा नं ३ बाट २ लाख रुपैयाँ विनियोजन हुँदा संशोधन भई अरु शीर्षक मा राखेकोले म कार्यपालिका सदस्य चन्द्र मरसयानीले फरक मत जाहेर गर्दछु।